# निम्न माध्यमिक उत्तीर्ण परीक्षाको नतिजामा प्रभाव पार्ने कारक तत्त्वहरू

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन
विभाग अन्तर्गत स्नातकोत्तर तह एम. एड दोस्रो वर्ष (Ed. PM. 598) को
आंशिक आवश्यकता पूरा गर्नको निम्ति प्रस्तुत

**शोधपत्र**


**शोधकर्ता**

डिल्लीराज निरौला
त्रि.वि.वि. दर्ता नं. १४१६४-८७
परीक्षा रोल नं. २१४००२८/०६३
शैक्षिक वर्ष २०६१/०६२



सुकुना बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
इन्द्रपुर, मोरङ


चैत्र, २०६९

## विषय : सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङमा शैक्षिक योजना तथा व्यवस्थापन विषय लिई स्नातकोत्तर तह ( एम. एड्. ) दोस्रो वर्षमा अध्ययन गर्ने छात्र डिल्लीराज निरौला **"निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरू"** शीर्षकमा प्रस्तुत गरेको शोधपत्र मेरो पूर्ण निर्देशन, सल्लाह र सुझावको आधारमा तयार पार्नुभएको हो । निर्दिष्ट शोधढाँचामा तयार गरिएको उक्त शोधकार्य निजको आफ्नो स्वतन्त्र अध्ययनको परिणाम हो । प्रस्तुत शोधपत्रलाई शोधपत्र मूल्याङ्कन समितिमा प्रस्तुत गर्न सिफारिस गर्दछु ।

..........................................................

मिति : २०६९/ /

**शोध निर्देशक**

**श्री गणेशप्रसाद दाहाल**

## विषय : स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङमा शैक्षिक योजना तथा व्यवस्थापन विषय लिई स्नातकोत्तर तह (एम. एड्.) दोश्रो वर्षमा अध्ययन गर्ने छात्र डिल्लीराज निरौला **“निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरू“** शीर्षकमा प्रस्तुत यो शोधपत्र मूल्याङ्कन समितिवाट स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख | |
| २ | श्री गणेशप्रसाद दाहाल | शोधनिर्देशक | |
| ३ | श्री | बाह्य परीक्षक | |

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय, सुकुना वहुमुखी क्याम्पस, इन्द्रंपुरको शिक्षाशास्त्र सङकाय अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपुर्ति गर्नका लागि प्रस्तुत शोधपत्र **निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरू** शीर्षकमा यो शोधपत्र तयार पारिएको हो । यो शोधपत्र आदरणीय गुरु गणेशप्रसाद दहालज्यूको निर्देशनमा तयार पारिएको हुँदा उहाँलाई हार्दिक कृतज्ञताज्ञापन गर्दछु । समयमा नै शोध प्रस्ताव स्वीकृत गरी अध्ययनकार्यको थालनी गर्ने भरपूर सहयोग प्रदान गर्नु हुने विभागीय प्रमुख उप प्रा. लक्ष्मीकुमार श्रेष्ठज्यूप्रति आभार व्यक्त गर्न चाहन्छु ।

यो शोधपत्र तयारीको क्रममा आवश्यक सूचना, तथ्य तथ्याङक, विचार तथा धारणा उपलब्ध गराई सहयोग पुऱ्याइ दिनु हुने सम्वन्धित विद्यालयका प्र.अ./प्राचार्य , शिक्षक, विद्यार्थी र अभिभावक सबैलाई धन्यवाद दिन चाहन्छु । यसैगरी यस शोधपत्र तयार पार्ने क्रममा निरन्तर रुपमा सहयोग गर्नु हुने सुकुना बहुमुखी क्याम्पसका आदरणीय गुरुहरू खगेन्द्रप्रसाद लुइँटेल, भोजराज घिमिरेज्यू लाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा शोधपत्रलाई आकर्षक ढंगमा कम्प्युटरसेटिङ गरी सहयोग गर्नु हुने नेहा कम्प्युटर्स इटहरी-५, राजश्वचोकका प्रोप्राइटर रञ्जना अधिकारी प्रति पनि धेरै आभारी छु ।

डिल्लीराज निरौला

## शोधसार

**निम्न माध्यमिक उत्तीर्ण परीक्षाको नतिजामा प्रभाव पार्ने कारक तत्त्वहरू** विषयक प्रस्तुत शोधपत्रले निम्न माध्यमिक परीक्षाको नतिजा विश्लेषण गर्नु, नतिजामा प्रभाव पार्ने कारक तत्त्वहरूको विश्लेषण गर्नु र नतिजा सुधार गर्ने उपायहरू सुझाउनु यसको उद्देश्य रहेको छ ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा छनोट गरिएको बलाह स्रोतकेन्द्र अन्तर्गतका निम्न माध्यमिक परीक्षामा सामेल भएका ३/३ वटा सामुदायिक तथा संस्थागत विद्यालयका २०६४ सालदेखि २०६७ साल सम्मको निम्न माध्यमिक परीक्षाको तथ्याङ्क लिई परीक्षा नतिजाको गुणात्मक एवम् परिमाणात्मक अनुसन्धान विधि प्रयोग गरी वर्णनात्मक विधिद्वारा प्रस्तुत गरिएको छ । कक्षा ८ मा अध्ययनरत प्रत्येक विद्यालयबाट २/२ जना गरी गोलाप्रथाबाट छानिएका १२ जना विद्यार्थीहरू, २/२ जनाका दरले १२ जना शिक्षकहरू, प्र.अ., वि.व्य.स.का अध्यक्षहरू, अभिभावकहरूमा प्रश्नावलीहरूको प्रयोगबाट सङ्कलित तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ भने उद्देश्यमूलक नमुना छनोट विधि र सम्भावनायुक्त छनोट विधिद्वारा नमुना छनोट गरिएको छ ।

अध्ययन क्षेत्रका सामुदायिक विद्यालयहरूको कुल उत्तीर्ण ६५.४६ प्रतिशत र संस्थागत विद्यालयहरूको ९९.३२ प्रतिशत विद्यार्थीहरू उत्तीर्ण भएका छन् । सामुदायिक विद्यालयमा बढी सङ्ख्यामा छात्राहरू र संस्थागत विद्यालयहरूमा छात्रहरू भर्ना हुनुले न्यून मात्रामा भए पनि अझै लैङ्गिक विभेद रहेको देखिन्छ । यसो हुनुका प्रमुख कारणहरूमा जनचेतनाको कमि हुनु, कमजोर आर्थिक अवस्था, योजनाबद्ध शिक्षण नहुनु, परीक्षा प्रणालीमा सुधार नहुनु कारक तत्त्वहरूका रूपमा रहेका छन् ।

निम्न माध्यमिक परीक्षाको नतिजा वृद्धि गर्न हरेक परीक्षाको परीक्षाफल प्रकाशन पश्चात् नतिजा विश्लेषण गरी आगामी वर्षको सिकाइ उपलब्धिमा सुधार गर्न योजना बनाउनु पर्ने, उत्कृष्ट अङ्क ल्याउने विद्यार्थीहरूलाई पुरस्कारको व्यवस्था गर्नुपर्ने, कमजोर विद्यार्थीहरूलाई छुट्टै कोचिङ कक्षाको व्यवस्था गर्नुपर्ने, विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाउनु पर्ने, विषयगत दरबन्दीको उचित व्यवस्थापन गर्नुपर्ने, विद्यालयलाई शान्तिक्षेत्र घोषणा गर्नुपर्ने, बालमैत्री शिक्षण गर्नुपर्ने देखिन्छ । संस्थागत विद्यालयका शिक्षकलाई समेत सहभागी गराई शिक्षकहरूको दक्षता अभिवृद्धि गर्ने, छोटो तथा लामो अवधिको तालिम सम्बन्धित स्रोतकेन्द्र भित्रै प्रदान गर्ने व्यवस्था गर्नु आवश्यक देखिन्छ । संस्थागत विद्यालयहरू सेवाको भावना भन्दा पनि आर्थिक लाभको अभिप्रायबाट सञ्चालन हुने गरेकाले व्यापारीकरण हुने संभावना देखिँदा यसतर्फ ध्यान दिन जरुरी छ ।

# विषयसूची


पृष्ठ सङ्ख्या

सिफारिस पत्र क

स्वीकृति पत्र ख

कृतज्ञताज्ञापन ग

शोधसार घ

संक्षिप्त शब्दावली ङ

**परिच्छेद एक : परिचय**

१.१ अध्ययनको पृष्ठभूमी १

१.२ समस्याको कथन ५

१.३ अध्ययनको औचित्य ६

१.४ अध्ययनको उद्देश्य ६

१.५ अनुसन्धानात्मक प्रश्नहरू ७

१.६ अध्ययनको परिसीमा ७

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ८

२.२ अध्ययनको सैद्धान्तिक खाका १२

२.३ पुनरावलोकनको उपादेयता १५

**परिच्छेद तीन : अध्ययन विधि**

३.१ अनुसन्धानात्मक ढाँचा १६

३.२ जनसंख्या १६

३.३ नमूना छनोट १६

३.४ अनुसन्धानका साधनहरू १७

३.५ तथ्याङ्कको स्रोत १८

३.५.१ प्राथमिक स्रोत १८

३.५.२ द्वितीय स्रोत १८

३.६ तथ्याङ्क सङ्कलन विधि १८

३.७ तथ्याङ्क विश्लेषण विधि १८

## परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

४.१ निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजाको अवस्था १९
४.१.१ सामुदायिक विद्यालयको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजा विश्लेषण १९
४.१.२ छनोटमा परेका तीनवटा संस्थागत विद्यालयहरूको निम्न माध्यमिक उत्तीर्ण परीक्षाको नतिजा विश्लेषण २४
४.१.३ सामुदायिक र संस्थागत विद्यालयहरूको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजाको तुलनात्मक स्थिती २९
४.१.४ सामुदायिक र संस्थागत विद्यालयहरूका छात्र-छात्राहरूको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा प्राप्त नतिजाको तुलनात्मक स्थिती ३०
४.२ निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजालाई प्रभाव पार्ने कारक तत्वहरू ३२
४.२.१ शैक्षणिक चरहरू ३२
४.२.२ शिक्षण विधि ३३
४.२.३ शिक्षण सिकाइमा शैक्षिक सामग्रीको प्रयोग ३४
४.२.४ परीक्षा तथा मूल्याङ्कन प्रणाली ३५
४.२.५ कक्षा अवलोकन तथा सुपरीवेक्षण ३६
४.२.६ व्यवहारिक उद्देश्यहरू ३८
४.२.७ शैक्षिक व्यवस्थापन सम्बन्धी चरहरू ३८
४.२.८ सरोकारवालाहरूको धारणा ३९
४.२.९ शैक्षिक सङ्गठन ४०
४.२.१० खर्च वा रकम ४१
४.३ नतिजा सुधार गर्ने उपायहरू ४१

## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

५.१ प्राप्तिहरू ४३
५.२ निष्कर्ष ४४
५.३ सुझावहरू ४४
५.३.१ नीतिगत तह ४५
५.३.२ कार्यान्वयन तह ४५
५.३.३ अनुसन्धानात्मक तह ४६

*सन्दर्भग्रन्थ सूची*
*अनुसूचीहरू*

## संक्षिप्त शब्दावलीहरू

| | |
|---|---|
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| नि.मा.शि. | निम्न माध्यमिक शिक्षा |
| प्र.अ. | प्रधानाध्यापक |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम सम्वत |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| सं | संख्या |
| SSRP | School Sector Reform Program |
| % | प्रतिशत |